पाठ २८

१. मोसाले देखेको जलिरहेको पोथ्रो किन भष्म भइरहेको थिएन ?
- किनभने परमेश्वर त्यस पोथ्रामा हुनुहुन्थ्यो ।

२. परमेश्वर किन जलिरहेको पोथ्रामा हुनुहुन्थ्यो ?
- किनभने परमेश्वर मोसासँग इज्रेलीहरूको बारेमा कुरा गर्न चाहनुहुन्थ्यो ।

३. इज्रेलीहरू कसरी जलिरहेको पोथ्राजस्ता थिए ?
- जसरी त्यस अग्निले त्यस पोथ्रालाई जलाउन चाहन्यो त्यसरी नै फारो र शैतानले पनि इज्रेलीहरूलाई जलाउन चाहन्थे ।
- जसरी परमेश्वर जलिरहेको पोथ्रामा हुनुहुन्थ्यो त्यसरी नै उहाँ इज्रेलीहरूसँग हुनुहुन्थ्यो ।

४. परमेश्वरको म हुँ भन्ने नाउँको अर्थ के हो ?
- यसको अर्थ यही हो कि परमेश्वरको कुनै आदि छैन ।
- परमेश्वरको कुनै अन्त छैन ।
- परमेश्वर सधैं हुनुहुन्छ ।
- परमेश्वर नहुनुभएको कुनै समय नै छैन ।

५. के परमेश्वरलाई फारोले इज्रेलीहरूलाई मिश्र छोडेर सजिलै जान दिने छैनन् भन्ने थाहा थियो ?
- थाहा थियो ।

६. परमेश्वरले मोसालाई इज्रेलीहरूको अगुवा चुन्नुभएको पहिलो चिन्ह के थियो ?
- मोसाले मन्त्रेर फ्याँकेको लौरो सर्प बन्यो र फेरि लौरो बन्यो ।

७. परमेश्वरले मोसालाई इज्रेलीहरूको अगुवा चुन्नुभएको दोस्रो चिन्ह के थियो ?
- मोसाका हात तिनले गोजीमा हालेपछि कुष्टि लागेर सेता भए फेरि तिनले गोजीमा हात छिराएपछि जसका तस भए ।

८. फारोसँग कुरा गर्न मद्दत गर्न परमेश्वरले कसलाई खटाउनुभयो ।
- हारून जो मोसाका दाइ थिए ।

९. परमेश्वरले इज्रेलीहरूलाई किन दासत्वबाट मुक्त गर्न चाहनुभयो ?
- किनभने परमेश्वर तिनीहरूलाई प्रेम गर्नुहुन्थ्यो र उहाँले तिनीहरूलाई दासत्वमा बाँचिरहेको चाहनुभएन ।
- किनभने परमेश्वरले अब्राहामसँग उहाँले तिनीहरूलाई मिश्रबाट निकालेर कनामा फेरि ल्याउनेछु भनी प्रतिज्ञा गर्नुभएको थियो ।
- किनभने परमेश्वरले अब्राहामसँग इज्रेलीहरूद्वारा उहाँले उद्धारकर्ता पठाउनुहुनेछ भनी प्रतिज्ञा गर्नुभएको थियो ।
- परमेश्वरले यो प्रतिज्ञा मोसासँग पनि कायम राख्नुभयो र तिनको सहयोगको निम्ति हारूनलाई खटाउनुभयो ।

आउनुस् प्रस्थान ४:२७-२८ पद पढौं ।

27 परमप्रभुले हारूनसित कुरा गर्नु भएको थियो। परमप्रभुले उसलाई भन्नुभएको थियो, "तिमी
मरुभूमिमा जाऊ अनि मोशालाई भेट।" यसर्थ हारून गए अनि परमेश्वरको पर्वतमा मोशालाई भेटे
अनि मोशालाई चुम्बन दिए। 28 मोशाले हारूनलाई बताए किन परमप्रभुले उसलाई पठाउनु भयो
अनि कुन चमत्कारहरू र संकेतहरू प्रमाणको निम्ति तिनले देखाउनु पर्ने थियो ती सबै मोशाले
हारूनलाई बताए।

- त्यसपछि मोरा र हारून मिश्रतर्फ लागे ।
- जब मोसा र हारून मिश्रमा पुगे तिनीहरूले इज्रेलीहरूलाई भेला गरे र मोसालाई परमेश्वरले भन्नुभएको सबै कुरा तिनीहरूलाई सबै भने ।

आउनुस् उत्पत्ति ४:२९-३१ पद पढौं ।

29 यसर्थ मोशा र हारून गए अनि तिनीहरूले इस्राएली मानिसहरूका सबै अगुवाहरूलाई भेला गरे।
30 त्यसपछि हारूनले मानिसहरूसँग कुरा गरे। उनले परमप्रभुले मोशालाई भनेका सबै कुराहरू
तिनीहरूलाई बताईदिए। त्यसपछि मानिसहरूलाई देखाउनाको निम्ति सबै प्रमाणहरू प्रदर्शन गरे।
31 मानिसहरूले विश्वास गरे परमप्रभुले नै मोशालाई पठाउनु भएको रहेछ। इस्राएलका मानिसहरूले
थाह पाए परमप्रभुले तिनीहरूका दुःख अनि कष्ट बुझ्नु भएको छ अनि तिनीहरूको सहायताका
निम्ति आउनु भएको छ। यसर्थ तिनीहरू निहुरिए अनि परमेश्वरको आराधना गरे।

- के इज्रेलीहरूले परमेश्वरले मोसासँग भन्नुभएको कुरामा विश्वास गरे ?
- हो, गरे ।

- इज्रेलीहरूले परमेश्वरको वचनमा विश्वास गर्नु किन असल कुरा थियो ?

- किनभने परमेश्वर मात्रै इज्रेलीहरूलाई बचाउन सक्नुहुन्थ्यो ।
- किनभने परमेश्वरको वचनले मात्रै इज्रेलीहरूलाई बचाउन सक्थ्यो ।

- यदि हामीले परमेश्वरको वचनमा विश्वास गरेनौं भने हामी परमेश्वरलाई के भन्छौं ?
- एक झूठो व्यक्ति ।

- के परमेश्वरको वचनमा विश्वास नगर्ने व्यक्तिलाई परमेश्वरले बचाउनुहुन्छ ?
- बचाउनुहुन्न ।

- यदि हामीले परमेश्वरको वचनमा विश्वास गरेनौं भने हामी बचाइन सक्दैनौं ।

- परमेश्वर तपाईंले उहाँको वचन सुनेको चाहनुहुन्छ ताकि तपाईं बचाइनुहोस् ।
- केवल परमेश्वरले मात्रै हामीलाई बचाउन सक्नुहुन्छ ।
- केवल परमेश्वरको वचनले मात्रै हामीलाई बचाउन सक्छ ।

- जब मोसा र हारूनले इज्रेलीहरूसँग कुरा गरिसके त्यसपछि तिनीहरू फारोसँग कुरा गर्न दरबारमा गए ।

आउनुस् प्रस्थान ५:१-२ पद पढौं ।

मानिसहरूसँग कुरा गरेपछि मोशा र हारून फिरऊनकहाँ गए। तिनीहरूले भने, "परमप्रभु इस्राएलीहरूका, परमेश्वर भन्नुहुन्छ, 'मेरो मानिसहरू भरूभूमिमा जाऊन अनि तिनीहरूले मेरो सम्मानमा भोज मनाउन सकून्।'"

2 तर फिरऊनले भने, "परमप्रभु को हुनुहुन्छ? मैले किन उहाँको आज्ञा पालन गर्नु पर्छ? मैले किन इस्राएलीहरूलाई जान दिनु पर्छ? म यो परमप्रभुको हो चिन्दिन, अनि म इस्राएलीहरूलाई जान दिंदिनँ।"

- जब मोसाले फारोसँग परमेश्वरले तिनलाई इज्रेलीहरूलाई छोडिदनु भन्नुभएको छ भने फारोले के जवाफ दिए ?

- फारोले भने "म परमेश्वरलाई चिन्दिनँ र इज्रेलीहरूलाई जान पनि दिन्नँ ।"

- फारोले किन परमेश्वरलाई चिन्दैनथे ?

- किनभने फारो परमेश्वरलाई चिन्न चाहदैनथे ।
- किनभने फारो परमेश्वरमा विश्वास गर्न चाहदैनथे ।
- किनभने फारो पापलाई प्रमे गर्थे ।

- फारो र मिश्रका तिनका प्रजा परमेश्वरमा विश्वास गर्दैनथे ।

- फारो र मिश्रका तिनका प्रजा तिनहरूको देशमा भएको लामो नदीलाई पूजा गर्थे ।
- फारो र मिश्रका तिनका प्रजा सूर्य, चन्द्रमा र ताराहरूका साथै अरू थुप्रै जनावरहरूको पूजा गर्थे ।

- मिश्रका मानिसहरू फारोलाई पनि देवताको रूपमा पूजा गर्थे ।

- फारो र मिश्रका तिनका प्रजा परमेश्वरलाई पूज्नुको साटो परमेश्वरले बनाउनुभएका कुराहरूको पूजा गर्थे ।

- फारोको समयमा धेरै मानिसहरूले परमेश्वरको सत्यलाई विश्वास गर्न इन्कार गरे ।

- आज पनि धेरै मानिसहरू परमेश्वरको सत्यलाई विश्वास गर्न इन्कार गर्छन् ।

- किनभने धेरै मानिसले परमेश्वरको सत्यलाई विश्वास गर्न इन्कार गर्ने हुनाले परमेश्वरले तिनीहरूलाई शैतानको छलमा पर्न दिनुभएको छ ।

- शैतानले मानिसहरूलाई छल गर्छ र तिनीहरू परमेश्वर बाहेक अरू सबै थोकको पूजा गर्छन् ।

- किनभने धेरै मानिसहरूले परमेश्वरको सत्यलाई विश्वास गर्न इन्कार गरेको हुनाले परमेश्वरले अब्राहामलाई इज्रेलीहरूको पिता हुन चुन्नुभयो ।

- परमेश्वरले अब्राहम र इज्रेलीहरूलाई उद्धारकर्ता पठाउन चुन्नुभयो ।

- परमेश्वरले उहाँको सत्य पुस्तकमा लेख्नको लागि चुन्नुभयो जुन उहाँले अब्राहाम र इज्रेलीहरूद्वारा लेख्नुभयो ।

- परमेश्वरको पुस्तकको नाउँ बाइबल हो ।

- के परमेश्वरलाई फारोले इज्रेलीहरूलाई मिश्र छोडेर जान दिने छैनन् भन्ने थाहा थियो ?

- थाहा थियो ।

- परमेश्वरलाई सबै कुरा हुनुभन्दा पहिल्यै थाहा हुन्छ ।

- फारोले इज्रेलीहरूलाई जान दिन इन्कार गरेपछि परमेश्वरले मोसालाई के भन्नुभयो आउनुस् थाहा पाऊँ ।

आउनुस् प्रस्थान ६:१ पद पढौं ।

तब परमप्रभुले मोशालाई भन्नुभयो, "अब तिमीले हेर्नेछौ फिरऊनलाई म के गर्नेछु। म मेरो महा-शक्ति उसको विरोधमा चलाउनेछु अनि उसले मेरा मानिसहरूलाई जान दिनेछ। तिनीहरूलाई पठाउनको निम्ति फिरऊन यति व्याकुल हुनेछ कि ऊ आफैंले तिनीहरूलाई जबरजस्ती पठाउनेछ।"

- परमेश्वरले किन उहाँको महान् शक्ति मिश्रका फारो र मिश्रीहरूलाई देखाउने निर्णय गर्नुभयो ?

- ताकि तिनीहरूले यो थाहा पाऊन् कि उहाँ मात्रै साँचो परमेश्वर हुनुहुन्थ्यो ।

- परमेश्वरले फारो र मिश्रीहरूलाई यो देखाउने निर्णय गर्नुभएको थियो कि तिनीहरूको महानदी देवता होइन ।

- परमेश्वर फारो र मिश्रीहरूलाई यो देखाउने निर्णय गर्नुभएको थियो कि सूर्य, चन्द्रमा र ताराहरू देवता होइनन् ।

- परमेश्वरले फारो र मिश्रीहरूलाई यो देखाउने निर्णय गर्नुभएको थियो कि तिनीहरूका धेरै जनावरहरू देवता होइनन् ।

- परमेश्वरले फारो र मिश्रीहरूलाई यो देखाउने निर्णय गर्नुभएको थियो कि फारो देवता होइनन् ।

- परमेश्वरले इज्रेलीहरूलाई पनि आफ्नो शक्ति देखाउने निर्णय गर्नुभएको थियो यसकारणले कि तिनीहरूले उहाँ नै तिनीहरूका परमेश्वर हुनुहुन्छ भनेर जानून् ।

आउनुस् प्रस्थान ६:२-८ पद पढौं ।

2 तब परमेश्वरले मोशालाई भन्नु भयो, "म परमप्रभु हुँ, 3 अब्राहाम, इसहाक र याकूबको अघि प्रकट
भएको थिएँ। तिनीहरूले मलाई एल-सद्दाई [a] भने। तिनीहरूले मेरो नाउँ यहोवा (परमप्रभु) भनी
जाने। 4 मैले तिनीहरूसित करार बाँधे। मैले तिनीहरूलाई बसो-बास गर्न कनान भूमि दिनेछु भनी
प्रतिज्ञा गरें। तिनीहरू त्यस भूमिमा बसे तर त्यो भूमि तिनीहरूको आफ्नै थिएन। 5 इस्राएलीहरू
पीरले कराएको मैले सुनेको छु। म जान्दछु इस्राएलका मानिसहरू मिश्र देशका दास हुन्। अनि म

मेरो करार सम्झना गर्छु। [6] यसर्थ ती इस्राएलका मानिसहरूलाई भन, 'म परमप्रभु हुँ, म तिमीहरूलाई मिश्रीहरूद्वारा जबरजस्ती लगाएको कामबाट मुक्त गर्नेछु। म तिमीहरूलाई दासत्वबाट स्वतन्त्र गर्नेछु। म यसलाई मेरो महा-शक्ति अनि महान न्यायले पूर्ण गर्ने छु। [7] तिमीहरू मेरा मानिसहरू हुनेछौ अनि म तिमीहरूका परमेश्वर हुनेछु। म परमप्रभु तिमीहरूको परमेश्वर हुँ र तिमीहरूलाई मैले मिश्रको मानिसहरूबाट स्वतन्त्र पारेको थाह पाउनेछौ। [8] मैले अब्राहाम, इसहाक, याकूबसित महान प्रतिज्ञा गरेको थिएँ। मैले तिनीहरूलाई एउटा देश दिनेछु भनी वचन दिएको थिए। यसैकारण म तिमीहरूलाई त्यो देशमा लानेछु। म त्यो देश तिमीहरूलाई दिनेछु र त्यो देश तिमीहरूको हुनेछ। म परमप्रभु हुँ।"

- परमेश्वरले इज्रेलीहरूलाई आफ्नो शक्ति देखाउने निर्णय गर्नुभएको थियो ताकि तिनीहरूले उहाँ नै अब्राहाम, इसहाक र याकूबका परमेश्वर हुनुहुन्छ भनेर जानून् ।

- परमेश्वरले इज्रेलीहरूलाई आफ्नो शक्ति देखाउने निर्णय गर्नुभएको थियो ताकि तिनीहरूले उहाँ नै तिनीहरू, इज्रेलीहरूका परमेश्वर हुनुहुन्थ्यो भनेर जानून् ।

- किनभने फारोले इज्रेलीहरूलाई छोडिदिएनन् त्यसैले उहाँले तिनीहरूलाई आफ्नो महान् शक्ति देखाउन सुरू गर्नुभयो ।

- परमेश्वरले कसरी उहाँको महान् शक्ति मिश्री र इज्रेलीहरूलाई देखाउनुभयो ?

- परमेश्वरले फारो र मिश्रीहरूमाथि महामारीको विपत्ति पठाउनुभयो ।

- पहिलो महामारीमा परमेश्वरले मिश्रको महानदीको पानी रगतजस्तो पार्नुभयो ।

- तर त्यो महामारीले इज्रेलीहरू बसोबास गर्ने ठाउँलाई भने केही हानि गरेन ।

आउनुस् प्रस्थान ७:२०-२१ पद पढौं ।

[20] यसर्थ परमप्रभुले आज्ञा गर्नु भएका सबै कुरा मोशा र हारूनले गरे। हारूनले आफ्नो लहुरो उठाएर नील नदीको पानीमा हिर्काए। उसले यसो फिरऊन र उसका अधिकारीहरूको सामुन्नेमा गरे। यसो गरेपछि नदीको सबै पानी रगतमा परिणत भयो। [21] पानीका माछाहरू मर्न थाले अनि नदीको पानीबाट कुहेको गन्ध आउन थाल्यो। यसर्थ मिश्रका मानिसहरूले नदीबाट पानी पिउन सकेनन्। मिश्रमा जता ततै रगत भयो।

- फारोले मोसासँग प्लेगको महामारी हटाइदिऊन् भनेर आग्रह गरे त्यसपछि तिनले इज्रेलीहरूलाई जान दिन्छु भने ।
- तर जब परमेश्वरले प्लेगको महामारी हटाउनुभयो तर फारोले इज्रेलीहरूलाई जान दिएनन् ।

- दोस्रो महामारीमा उहाँले भ्यागुताको महामारी पठाउनुभयो ।

- फारो र मिश्री जनताको जमिन भ्यागुताहरूले भरियो ।

- तर भ्यागुताको महामारीले इज्रेलीहरूलाई छोएन ।

आउनुस् प्रस्थान ८:५-६ पद पढौं ।

5 तब परमप्रभुले मोशालाई भन्नु भयो, "हारूनलाई आफ्नो टेक्ने लहुरो नदीहरू, खोला, पोखरीमाथि राख्न भन भ्यागुत्ताहरू बाहिर जमीनमा निस्कनेछन्।"

6 यसर्थ हारूनले आफ्नो लहुरो मिश्र देशको पानीमाथि उठाए अनि ती सब पानीबाट भ्यागुत्ताहरू बाहिर निस्केर मिश्रको भूमिमा भरिन थाले।

- फारोले मोसालाई भ्यागुताको महामारी हटाइदिन भने त्यसपछि तिनले उनीहरूलाई जानदिन्छु भने ।

- तर जब परमेश्वरले महामारी हटाइदिनुभयो फारोले इज्रेलीहरूलाई जान दिन इन्कार गरे ।

- तेस्रो महामारीमा परमेश्वरले भुसुनाको महामारी पठाउनुभयो ।

- फारो र सबै मिश्रीहरूको जमिन भुसुनाहरूले भरियो ।

- तर भुसुनाको महामारीले इज्रेलीहरूलाई भने छोएन ।

आउनुस् उत्पत्ति ८:१६-१७ पद पढौं ।

16 तब परमप्रभुले मोशालाई भन्नुभयो, "हारूनलाई भन उसले आफ्नो लहुरो उठाएर भूइँको धूलोमा हिर्काओस् अनि धूलो मिश्रमा जता ततै जुम्रामा परिणत हनेछ।"

17 तिनीहरूले त्यसै गरे। हारूनले जमीनको धूलोमाथि आफ्नो लहुरोले हिर्काए अनि धूलो मिश्रको जता ततै जुम्रामा परिणत भयो। जुम्रा पशु र मानिसहरूमा सरे।

- तर जब परमेश्वरले भुसुनाको महामारी हटाइदिनुभयो फारोले इज्रेलीहरूलाई जान दिन इन्कार गरे ।

- चौथो महामारीका रूपमा झिँगाको महामारी पठाउनुभयो ।

- फारो र मिश्री जनताको जमिन सारा झिँगाले भरियो ।

- तर इज्रेलीहरूलाई भने झिँगाको महामारीले छोएन ।

आउनुस् प्रस्थान ८:२४ पद पढौं ।

[24]त्यसपछि परमप्रभुले जे भन्नु भएको थियो, त्यही भयो। धेरै-धेरै झींगाहरू मिश्रमा आए। फिरऊन र तिनका अधिकारीहरूको घर झींगाले भरिए अनि मिश्र देश भरी नै झींगै-झींगा भए। झींगाहरूले देश नै नष्ट पारिरहेका थिए।

- फारोले मोसासँग झिँगाको महामारी हटाइदिन आग्रह गरे र पछि इज्रेलीहरूलाई जान दिन्छु भने ।

- तर जब परमेश्वरले झिँगाको महामारी हटाउनुभयो फारोले इज्रेलीहरूलाई जान दिन इन्कार गरे ।

- चौथो महामारीका रूपमा परमेश्वरले जनावरहरू मार्ने विपत्ति पठाउनभयो ।
- मिश्रीहरूका सबै जनावरहरू घोडा, चौपाया, भैडा, उँट र गधा मरे फारोका पनि बस्तुभाउ मरे ।

- तर त्यस विपत्तिले इज्रेलीहरूलाई भने छोएन ।

आउनुस् प्रस्थान ९:६-७ पद पढौं ।

[6]परमप्रभुले जे गर्छु भन्नु भएको थियो त्यसै गर्नु भयो। अर्को दिन बिहान मिश्रका सबै पशुहरू मरे। तर इस्राएलीहरूका एउटा पनि पशु मरेनन्। [7]फिरऊनले आफ्नो मानिस इस्राएलीहरूका कुनै पशु मरे कि मरेन पत्तो लगाउन पठायो। तर इस्राएलीहरूका कुनै पशु मरेनन्। फिरऊन अट्टेरी थियो इस्राएली मानिसहरूलाई उसले जानु दिएन।

- फारोले मोसालाई उक्त विपत्ति हटाइदिन आग्रह गरे र पछि तिनीहरूलाई जानदिन्छु भने ।

- तर जब परमेश्वरले उक्त विपत्ति हटाइदिनुभयो फारोले इज्रेलीहरूलाई जान दिन इन्कार गरे ।

- छैठौं महामारीका रूपमा परमेश्वरले खटिराको विपत्ति पठाउनभयो ।

- फारो र सबै मिश्रीहरूको शरीर खटिराले ढाकियो ।

- तर खटिराको विपत्तिले इज्रेलीहरूलाई भने छोएन ।

आउनुस् प्रस्थान ९:१० पद पढौं ।

[10] यसर्थ मोशा र हारूनले एउटा भट्टीबाट खरानी लिए अनि फिरऊनको अघि उभिए। मोशाले खरानी हावामा फ्याँकिदिए अनि मानिसहरू तथा पशुहरूको छालामा खटिरा निस्कन थाल्यो।

- फारोले मोसासँग उक्त विपत्ति हटाइदिन आग्रह गरे र पछि तिनीहरूलाई जान दिन्छु भने ।

- तर जब परमेश्वरले उक्त विपत्ति हटाइदिनुभयो तिनले तिनीहरूलाई जान दिन इन्कार गरे ।

- सातौं विपत्तिका रूपमा परमेश्वरले असिनाको विपत्ति पठाउनुभयो ।

- असिनाले मिश्रको सारा जमिन ठटायो र फारो र मिश्री जनताको सबै बालीनाली र रूख सखाप पार्‍यो ।

- तर असिनाको विपत्तिले इज्रेलीहरूलाई भने छोएन ।

आउनुस् उत्पत्ति ९:२३-२६ पद पढौं ।

[23] तब मोशाले आफ्नो लहुरो हावामा उठाए अनि परमप्रभुले बिजुली गर्जन र असिनाहरू मिश्रमाथि
पठाउनु भयो। [24] असिना परिरहेको थियो र सँग-सँगै बिजुली पनि चम्किरहेको थियो। मिश्र एउटा
राष्ट्र भए पछि सब भन्दा बढी असिना परेको यही थियो। [25] मिश्रका सबै मानिसहरू, पशु अनि
उद्भिद आँधी-बेरीले ध्वंश पार्यो। असिनाले खेतका रूखहरू पनि भाँचिदियो। [26] असिना नपरेको ठाउँ
चाँहि गोशेन मात्र थियो जहाँ इस्राएलका मानिसहरू बस्थे।

- फारोले मोसासँग उक्त विपत्ति हटाइदिन आग्रह गरे र त्यसपछि तिनीहरूलाई जानदिन्छु भने ।

- तर जब परमेश्वरले उक्त विपत्ति हटाइदिनुभयो फारोले तिनीहरूलाई जानदिन इन्कार गरे ।

- आठौं विपत्तिका रूपमा परमेश्वरले सलहको विपत्ति चलाइदिनुभयो ।

- सलहको बथानले मिश्रीहरूको बचेखुचेको अनाज सबै सखाप पार्‍यो ।

- तर सलहको विपत्तिले इज्रेलीहरूलाई भने छोएन ।

आउनुस्  प्रस्थान १०:१३-१५ पद पढौं ।

[13] यसकारण मोशाले आफ्नो टेक्ने लाठ्ठी मिश्र देशमाथि उठाए अनि परमप्रभुले पूर्वबाट आँधी बेरी
पठाउनु भयो। हावा बिहान बेलुका पूरै चलिरहयो। जब बिहान भयो मिश्र भूमिमा हावाले सलह
ल्यायो। [14] सलहहरू मिश्र देशमा उडेर आए अनि जमीनमा बसे। सलह मिश्रदेशमा यति विध्न आए
कि यति विध्न न विगतमा कहिल्यै देखिएका थिए न भविष्यमा नै देखिनेछन्। [15] ती सलहहरूले
सबै भूमि ढाके अनि मैदान नै छोपे। असिनाले ध्वंश नपारेको जम्मै फलहरू र उद्भिदहरू सलहले
खाए।

- फारोले मोसासँग उक्त विपत्ति हटाइदिन आग्रह गरे र त्यसपछि तिनीहरूलाई जानदिन्छु भने ।

- तर जब परमेश्वरले उक्त विपत्ति हटाइदिनुभयो फारोले इज्रेलीहरूलाई जानदिन इन्कार गरे ।

- नवौं महामारीका रूपमा परमेश्वरले अन्कारको विपत्ति पठाउनुभयो ।

- अन्कारले फारो र मिश्री जनताको जमिन पूरा तीन दिनसम्म ढाक्यो ।

- तर त्यस विपत्तिले इज्रेलीहरूलाई भने छोएन ।

आउनुस् प्रस्थान १०:२१-२३ पद पढौं ।

[21] तब परमप्रभुले मोशालाई भन्नु भयो, "तिम्रो हातमाथि हावामा उठाऊ अनि अँध्यारोले मिश्रलाई
ढाक्नेछ। अँध्यारो यति निष्पट्ट हुनेछ तिमीले त्यो अनुभव गर्नेछौ।"

[22] मोशाले आफ्नो हात उठायो अनि अन्धकारले मिश्रलाई ढाक्यो। त्यो अँध्यारो मिश्रमा तीन
दिनसम्म रह्यो। [23] त्यहाँ कसैले कसैलाई देख्न सक्तैन थियो। तर जहाँ इस्राएलका मानिसहरू थिए
त्यहाँ अंध्यारो भएन।

- फारोले मोसासँग उक्त विपत्ति हटाइदिन आग्रह गरे र त्यसपछि तिनीहरूलाई जानदिन्छु भने ।

- तर जब परमेश्वरले उक्त विपत्ति हटाइदिनुभयो तिनले इज्रेलीहरूलाई जानदिन इन्कार गरे ।

- जहाँ इज्रेलीहरू बसोबास गर्थे त्यहाँ किन त्यस महामारीले छोएन ?

- किनभने परमेश्वरले अब्राहाम, इसहाक र याकूबसँग तिनीहरूलाई आशिष् दिनेछु भनी प्रतिज्ञा गर्नुभएको थियो र तिनीहरूलाई महान् मानिस बनाउछु भनी प्रतिज्ञा गर्नुभएको थियो ।

- किनभने परमेश्वरले फारो, मिश्री जनता र इज्रेलीहरूलाई अरू कोही होइन तर उहाँ नै परमेश्वर हुनुहुन्छ भनी देखाइरहनुभएको थियो ।

- तर यस्तो डरलाग्दो महामारी पछि पनि फारोले इस्रेलीहरूलाई जान दिन अझै इन्कार गरे ।

- तर यस्तो डरलाग्दो महामारी पछि पनि फारोले परमेश्वरलाई मान्न अझै इन्कार गरे ।

- के फारो परमेश्वरविरुद्ध लडाइँ गरेर जित्न सक्थे ?

- सक्दैनथे ।

- के कसैले परमेश्वरविरुद्ध लडाइँ गरेर जित्न सक्छ ?

- सक्दैन ।

- जसले परमेश्वरको विरुद्धमा लडाइँ गर्छ त्यसलाई के हुनेछ ?
- तिनीहरूलाई परमेश्वरले खतम पार्नुहुनेछ ।

- अर्को पाठमा हामी अन्तिमा विपत्तिको बारेमा पढ्नछौं ।